स्थानिय राजपत्र

भानु नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः २ मितिः२०८३/०२/०१

## भाग–२

## भानु नगरपालिका

भानु नगरपालिकामा पशुजन्य उत्पादन वृद्धि गर्न त्यसको गुणस्तर कायम राख्न, प्रशोधन र बजारीकरण गर्न आवश्यक पर्ने लगानीहरूमा अनुदान दिई कृषकको जिवनस्तर उकास्नका लागि दुग्ध उत्पादक सहकारी संस्था/समुह मार्फत दुध बिक्री गर्ने सदस्य कृषकहरूलाई उत्पादनका परिमाणका आधारित रही अनुदान उपलब्ध गराउन आवश्यक देखिएकोले भानु नगरपालिकाले तर्जुमा गरेको दुधमा अनुदान कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र सञ्चालन वाञ्छनीय भएकाले, नेपाल संविधानको धारा ५१ को 'ङ' को (४) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार बमोजिम भानु नगरपालिकाले यो कार्यविधि लागु गरेको छ ।

# दुधमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**१) प्रारम्भिकः**

**क) संक्षिप्त नाम र प्रारम्भः**

१.यो कार्यविधिको नाम "दुधमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहेको छ ।

२. यो कार्यविधि भानु नगरपालिका, नगर कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२) परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "नगरपालिका" भन्नाले भानु नगरपालिका सम्झनु पर्नेछ ।

२. "शाखा" भन्नाले भानु नगरपालिका पशुपन्छी तथा मत्स्य विकास शाखा सम्झनु पर्नेछ ।

३. "कार्यविधि" भन्नाले "दुधमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" सम्झनु पर्नेछ ।

४. "विषयगत समिति" भन्नाले भानु नगरपालिकाको "आर्थिक विकास समिति" भन्ने बुझ्नुपर्दछ ।

**३) उद्देश्यहरुः**

१) अनुदान वितरण लाई परिणाममूखी (Output Oriented ) बनाउने।

२) दुध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवम् दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने।

३) अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण र सदुपयोग गर्ने ।

४) साना कृषकहरूको उत्पादन सङ्गठित बजारमा प्रवाह गर्ने ।

**४) कार्य सञ्चालन प्रकृयाः**

१. नगरपालिकाले उक्त अनुदान कार्यक्रममा दुग्ध उत्पादक सहकारी संस्था तथा समूहका लागि प्रस्ताव निवेदन आव्हान (अनुसूची –१ बमोजिम) गर्नेछ ।

२. यस कार्यक्रममा सम्मिलित हुन यस कार्यविधिको दफा ४को उपदफा (३) बमोजिम मापदण्ड पुरा गरेका ईच्छुक समूह/सहकारीले तोकिएको म्याद भित्र अनुसूची -२ बमोजिमको निवेदन सम्बन्धित कार्यालयमा दिनुपर्नेछ ।

३. समूह/सहकारीको मापदण्ड

क) दैनिक कम्तिमा ५० लिटर वा वार्षिक कम्तिमा २०० दिनसम्म दुधको कारोवार गर्ने गरेको ।

ख) दैनिक सङ्कलित दुध, दुग्ध उत्पादक समूह/सहकारी संस्था आफैले प्रशोधन गरी वा उद्योगलाई बिक्री गरी दुध तथा दुग्धजन्य पद्धार्थको बेचबिखनको प्रबन्ध गरेको ।

ग) नियमित रुपमा साधारण सभा र लेखा परिक्षण गर्ने गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको ।

घ) समूह/सहकारीमा आवद्ध सबै कृषकहरूको फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गरेको हुनुपर्नेछ ।

ङ) समूह/सहकारीले कारोवार गर्ने गरेको दुधको गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनुपर्नेछ ।

च) सम्बन्धित समूह/सहकारीले आफुमा आवद्ध भएका कृषकहरूलाई अनुदान वितरणको मापदण्ड बनाई पेश गर्नुपर्नेछ ।अनुदान प्राप्त गर्ने कृषक भानु नगरपालिका भित्र पशुपन्छी पालन गरेको हुनुपर्नेछ।

छ) समूह/सहकारी संस्थाहरूले संस्थागत रुपमा दुध खरिद बिक्री गरेको भए प्रमाण पेश गर्नुपर्नेछ तर सहकारीले खुद्रा बिक्री गरेको भएपनि सो को मासिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

४. विषयगत समितिले प्राप्त भएका मध्ये न्यूनतम मापदण्ड पुरा गरेकोसहकारीलाई मूल्याङ्कन गरी भानु नगरपालिकाले विनियोजन गरेको बजेटबाट प्रतिलिटर रु ५ का दरले अनुदान उपलब्ध गराउन सिफारिस गर्नेछ ।

५. अनुदानको लागि छनौट भएका दुग्ध उत्पादक समूह/सहकारी संस्थासँग शाखाले अनुसूची–३ बमोजिम सम्झौता गर्नेछ ।

६. सम्झौतापछि छनौट भएका समूह/सहकारीहरूलाई विनियोजित बजेटको परिधि भित्र रही चौमासिक रुपमा वा एकमुष्ठ वा माग भए बमोजिम बैंक खातामा अनुदान रकम उपलब्ध गराउने छ ।

७. समूह/सहकारीले आफुमा आवद्ध मापदण्ड पुरा गरेका कृषकहरूलाई मापदण्ड बमोजिम अनुदान रकम सम्बन्धित कृषकको कुनै एक बैंक वा वित्तिय संस्थामा रहेको खातामा जम्मा गरेको वा नगद बुझिलिएको भरपाई प्रमाण सहितको पूर्ण विवरण नगरपालिकाले रकम उपलब्ध गराएको ३५ दिन भित्र पेश गर्नु पर्नेछ ।

**५)** अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः नगरपालिकाले यस कार्यक्रमको अनुगमन आवश्यक परेको बेला गर्नेछ।

६) गण्डकी प्रदेश, दुध उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम संचालन मापदण्ड-२०७७ बमोजिम प्रति लिटर ५ रुपैया अनुदान रहेकोले प्रदेश सरकार वाट उपलब्ध रकममा प्रतिलिटर रु ५ का दरले अनुदान नघट्ने गरि सहकारी /समुहले आवश्यक प्रमाण सहितको पूर्ण विवरण नगरपालिकालाई उपलब्ध गराए पश्चात थप अनुदान रकम उपलब्ध गराउने छ ।तर प्रदेश र स्थानिय अनुदान गरि जम्मा प्रतिलिटर रु ५ भन्दा वढी रकम अनुदान उपलब्ध हुने छैन ।

**७)** थपघट वा हेरफेर गर्न सक्नेः

१.यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरकार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरकार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

३.यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरूको निर्माण तथा परिमार्जन नगर कार्यपालिकाले गर्न सक्नेछ ।

४.यस भन्दा अगाडि सञ्चालन भएका यो प्रकृतिका कार्यक्रमहरू यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

## अनुसूची–१

## दुधमा अनुदान कार्यक्रम सञ्चालन सम्बन्धि सूचना

भानु नगरपालिकाको को आ.व............ को वार्षिक स्विकृत दुधमा अनुदान कार्यक्रममा आफू मातहतका दुग्ध उत्पादक सदस्य कृषकहरूलाई सङ्लग्न गराउन इच्छुक दुग्ध उत्पादक समूह/सहकारी संस्थाहरूले यो सूचना प्रकाशन भएको मितिले १५वा ३० दिन भित्र अनुसूची–२ अनुसारको निवेदन भानु नगरपालिकामा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

विस्तृत जानकारीको लागि भानु नगरपालिका, पशुपन्छी तथा मत्स्य विकास शाखामा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

# अनुसूची–२

## दुग्ध उत्पादक सहकरी संस्थाले भानु नगपालिका पशुपन्छी तथा मत्स्य विकासमा दिने आवेदन पत्रको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
**भानु नगपालिका**
तनहुँ ।

विषयः दुधमा अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति ............. मा प्रकाशित सूचना अनुसार यस दुग्ध उत्पादक समुह/सहकारी संस्था लि. ले उत्पादन र दुग्ध उत्पादन प्रोत्साहन कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छौं ।

तपसिल

१) कूल सदस्य संख्याः .................
२) गत वर्ष कूल दुध सङ्कलन लिः (औषत दैनिक ....... लि., मासिक....... लि. र वार्षिक ....... लि.)
३) गत वर्ष कूल अधिकतम दुध सङ्कलनः ....... महिना, ............. लि.
४) गत वर्ष कूल न्यूनतम दुध सङ्कलनः ....... महिना, ............. लि.
५) संस्थाबाट सङ्कलित दुध बिक्री गरिने संस्था वा संस्थान वा आयोजना आदिको नाम र ठेगानाः
क) ............................ ख) ............................
६) मिल्क एनालाईजरको प्रयोग भएको नभएकोः
७) वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाणः
८) जम्मा सङ्कलन केन्द्र संख्याः..............
९) रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भएको/नभएकोः..............
१०) दुधको गुणस्तर परिक्षण गरी रेकर्ड राख्ने/जानकारी दिने गरेको/नगरेकोः ..............
११) आफ्नो चिलिङ सेन्टर भएको/नभएकोः..............
१२) दुध विविधिकरण र विक्री वितरण गरेको/नगरेकोः..............
    क) गरेको भए कुन/कुन पदार्थ बनाउने गरिन्छ .............. दैनिक औषत परिमाण ............
    ख) विक्री गर्ने बजार/ स्थल ............
१३) सहकारी दर्ता/नविकरणको प्रमाण पत्रः..............
१४) कुनै प्रकारको कारवाही नपरेको वारेको स्वघोषणाः..............
१५) कर चुक्ता प्रमाण पत्र
१६) वडाको सिफारिसः

## अनुसूची ३

## नगरपालिका र दुग्ध उत्पादक समूह/सहकारी संस्था विच हुने सम्झौताको ढाँचा

यस भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत पशु सेवा कार्यक्रम अन्तर्गत **दुधमा अनुदान कार्यक्रम** मा आर्थिक विकास समितिको मिति ............... गतेको निर्णय बमोजिम भानु नगरपालिका, नगर कार्यपालिकाको कार्यालय प्रथम पक्ष र **........... उत्पादक सहकारी संस्था,** भानु न.पा.- .......... दोस्रो पक्ष बिच देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौदियौ।

१.सम्झौता गर्ने पक्ष र अनुदानग्राही

क. कृषि यान्त्रीकरण कार्यक्रम अन्र्तरगतको समुहको सम्झौता अधिकारिक प्रतिनिधि

१) नामः ..................

२) फर्मको नामः **श्री ................ उत्पादक सहकारी संस्था**

३) ठेगानाः भानु न.पा.- ................

ख) कार्यक्रम स्थलको विवरणः भानु न.पा.- ................

ग) कार्यक्रम कार्यन्वयन अवधि

१. शुरु हुने मितिः ................

२. सम्पन्न हुने मितिः ................

२) कार्यक्रम संञ्चालन हुने क्रियाकलाप सम्वन्धी विवरण

क) कार्यक्रमको नामः **दुधमा अनुदान कार्यक्रम**

ख) कार्यक्रमको किसिमः प्रति लिटर ५ रुपैया अनुदान

ग) कार्यक्रमको कुल लागत रू ................

**सम्झौताका सर्तहरु**

१. सम्झौता पत्र २०८२ साउन देखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ ।

२. दोस्रो पक्षले तनहुँ जिल्ला भानु न.पा.- ................ स्थानमा सम्झौतामा हस्ताक्षर भएपछि तत्काल भुक्तानीको काम शुरु गर्नु पर्नेछ ।

३. दोस्रो पक्षले सम्झौता बमोजिमको कार्यक्रम सम्झौतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै संघसंस्था बाट सहयोग अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

४. दोस्रो पक्षले सम्झौता बमोजिको काम गर्दा प्रथम पक्षवाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ । छनौट भएको सहकारी संस्थालाई दूध उत्पादनको प्रति लिटर रु. ५ का दरले अनुदान उपलब्ध गराइनेछ।

५. दोस्रो पक्षले यस कार्यक्रम संचालनका लागी सम्झौता गरिएको क्रियाकलापहरुको लागतमा तोकिएको प्रतिशतमा नगदै वा अन्य किसिमले सहभागिताको सुनिश्चता गर्नु पर्नेछ ।

६. यस कार्यक्रम अन्तर्गत खरिद कार्य गर्नु पर्दा जिल्ला दररेट अनुसार सम्झौता पत्रमा तोकेको अवधि भित्र काम गर्नु पर्ने छ ।
७. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष आवश्यक कागजात (बिल,समुहको प्रमाणपत्र,समुहको माईनट,कार्य सम्पन वडाको सिफारिस, कृषकले रकम बुझिलिएको भरपाई) विल पेश भए पश्चात सम्बन्धित दोस्रो पक्षको बैङ्क खातामा भुक्तानी दिनेछ ।

८. कार्यक्रमको नियमित अनुगमन भानु नगरपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाबाट गरिनेछ। आवश्यक परे आर्थिक विकास समिति तथा नगरपालिकाबाट संयुक्त अनुगमन गरिनेछ।

९.दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्यसम्पन्न भई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ|

१०. दोस्रो पक्षले भुक्तानी लिन आउदा समुहबाट कृषकले बुझीलियको भरपाई प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ।
११. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।
१४.अन्य कुनै बुदाँमा थपघट गर्न परेमा वा छुटेमा दुवै पक्षको आपसी सम्झदारीमा गरिने छ ।
उपरोक्त वमोजिम कार्य गर्न मन्जुर छौं भनी दस्तखत गर्ने

| **प्रथम पक्षको तर्फवाट** | **दोस्रो पक्षको तर्फवाट** |
|---|---|
| नाम थरः<br>पदः प्रमुख प्रशासकिय अधिकृत<br>दस्तखतः ............................<br>मितिः ................................ | नामः<br>फर्मको नामः श्री ...... उत्पादक सहकारी संस्था<br>ठेगानाः भानु न.पा.- ......<br>दस्तखतः ............................<br>मितिः ................................ |

| साक्षी-१ | साक्षी-२ |
|---|---|
| नामः | नाम : |
| पदः | पद |
| हस्ताक्षरः | हस्ताक्षरः |

**आज्ञाले**
**सुरज श्रेष्ठ**
**प्रमुख प्रशासकिय अधिकृत**